# कुलेखानी ड्यामको सुरक्षा साइरन बज्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

कुलेखानी जलाशय (इन्द्रसरोवर) मा वर्षा समयमा पानीको सतह बढ्न गई ड्यामको सुरक्षाका लागि स्पिलवे गेट (मुख्य ढोका) खोल्नुपर्ने अवस्थामा ड्यामको तल्लो तटीय क्षेत्रमा बग्ने खोला तथा नदी किनारा आसपासका बासिन्दाको जीउधनको सुरक्षाका लागि विभिन्न तहमा साइरन बजाई पूर्वचेतावनी दिने व्यवस्था गरिएको छ। साइरनको आवाज सुन्दा जलाशयको अवस्था बुझी तल दिइएको चेतावनीअनुसार सुरक्षाका उपाय अपनाउन सम्पूर्णमा अनुरोध गरिन्छ।

| साइरनको सङ्केत | चेतावनी तह | जलाशयको अवस्था | अपनाउनुपर्ने सावधानी |
|---|---|---|---|
| १ (एक) पटक लामो साइरन (करिब १ मिनेट लगातार) | पहिलो चेतावनी (First Warning) | ➢ जलाशयमा पानी भरिन लागेको अवस्था। | ➢ खोला किनारामा जुनसुकै उद्देश्यले जान पूर्ण प्रतिबन्ध । |
| २ ( दुई) पटक साइरन (करिब २ मिनेट लगातार) | दोस्रो चेतावनी (Second Warning) उच्च सतर्कता | ➢ जलाशयको सतह उच्चतम बिन्दुमा पुगेको अवस्था। | ➢ बालबालिका, ज्येष्ठ नागरिक, अशक्त र गर्भवती सुरक्षित स्थानमा जानुहुनका साथै पशु चौपायाहरूलाई सुरक्षित स्थानमा सार्ने।<br>➢ देउराली-कुलेखानी-सिस्नेरी सडकखण्ड प्रयोग गर्दा सावधानी र सतर्कता अपनाउनुपर्ने। |
| ३ (तीन) पटक साइरन (लगातार छोटो–छोटो अन्तरालमा साइरन) | तेस्रो तथा अन्तिम चेतावनी (Emergency Warning) ' खतराको सङ्केत | ➢ बाँधका मुख्य ढोका खोलिएको अवस्था।<br>➢ नदीको सतहमा उच्च वृद्धि हुने । | ➢ तुरुन्त खोला किनार र गहिरो भाग छाडेर अग्लो/सुरक्षित ठाउँमा जानुपर्ने ।<br>➢ देउराली-कुलेखानी-सिस्नेरी सडकखण्डमा आवतजावत नगर्ने । |